नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) अनुसार भन्सार विभागसँग सम्बन्धित २०८० श्रावण महिना देखि २०८० साल आश्विन मसान्तसम्म सम्पादन भएका कामहरुको विवरण सोही दफाको उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ।**

**(क) निकायको स्वरुप र प्रकृतिः** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम स्थापित विभिन्न मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय मातहतमा रही राजस्व प्रशासन क्षेत्रसँग सम्वद्ध कार्यहरु गर्ने गरी विभागस्तरको निकायको रुपमा भन्सार विभाग क्रियाशील रहेको छ।

**(ख) निकायको काम कर्तव्य र अधिकारः** भन्सार विभागका काम कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएका छन्;

- भन्सार सम्बन्धी नीतिगत सुधारहरु प्रस्ताव गर्ने,
- व्यापार सहजीकरण सम्बन्धी कार्यहरू गर्ने,
- आयात निर्यातमा लाग्ने कर राजस्व सङ्कलन गर्ने,
- भन्सार महसुल सम्बन्धी कार्य र सो को पुनरावलोकन सुन्ने सम्बन्धी कार्य गर्ने,
- भन्सार दरबन्दी संशोधनको प्रारम्भिक प्रस्ताव तयार गर्ने र निर्णय भएपछि महसुल दरबन्दी पुस्तिका प्रकाशन गर्ने,
- कानून बमोजिम भन्सार महसुल छुट प्रदान गर्ने,
- वस्तु वर्गीकरण सम्बन्धमा पूर्वादेश जारी गर्ने,
- द्विविधा परेका वस्तुको वर्गीकरणको निर्णय गर्ने,
- भन्सार कार्यालयबाट भएका वस्तु वर्गीकरण सम्बन्धमा पुनरावलोकन सुन्ने,
- भन्सार एजेण्टको नियुक्ति, एजेण्टको इजाजतपत्रको नवीकरण तथा अनुगमन गर्ने,
- भन्सार मूल्याङ्कन तथा कारोबार मूल्यको अनुगमन गर्ने,
- भन्सार मूल्याङ्कनका सम्बन्धमा आवश्यकतानुसार पुन:मूल्याङ्कनको आदेश दिने,

- राजस्व जोखिमको आधारमा जाँचपास पछिको परीक्षण गराउने,
- मुद्दा तथा लिलामी सम्बन्धी भन्सार कार्यालयहरुको कार्यको अनुगमन, निर्देशन र समन्वय गर्ने,
- बण्डेड वेयर हाउस र बैङ्क ग्यारेन्टीको सुविधा प्रदान गर्नुका साथै सो कार्यको अनुगमन गर्ने,
- निकासी पैठारी संकेत नम्बरको दर्ता, नवीकरण, निलम्बन र खारेज गर्ने,
- भन्सार जाँचपासका लागि आशिकुडा विस्तार, कार्यान्वयन र अनुगमन गर्ने,
- भन्सार प्रशासनलाई यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्न योजना बनाउने,
- राजस्वको दैनिक, मासिक र वार्षिक अभिलेख अद्यावधिक गर्ने,
- वार्षिक रुपमा बैदेशिक व्यापारको वस्तुगत तथ्याङ्क तयार गर्ने,
- रासायनिक पदार्थ तथा अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरण गर्ने,
- छिमेकी राष्ट्र एवं व्यापार साझेदार देशका भन्सार प्रशानसनसँग समन्वय र सहकार्य गर्ने,
- विश्व भन्सार संगठन र व्यापार सम्बद्ध अन्य अन्तर्राष्ट्रिय संगठनहरुसँग समन्वय र सहकार्य गर्ने,
- भन्सार कार्यालयहरुको नियमित अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्ने,
- भन्सारका दरहरुको माध्यमबाट स्वदेशी उत्पादन र उद्योगहरुको संरक्षण गर्ने,
- हानिकारक र गुणस्तरहीन वस्तुको आयात नियन्त्रण गरी समाजको सुरक्षा गर्ने.
- विभाग र कार्यालयको बजेट तर्जुमा, निकासा र बाँडफाँड गर्ने,
- बजेट खर्चको अनुगमन गर्ने र लेखापरीक्षण गराउने,
- विभाग र मातहत कार्यालयहरुको भौतिक सम्पत्ति व्यवस्थापन गर्ने गराउने,
- बेरूजु फर्छ्यौट गर्ने गराउने,
- विभाग तथा भन्सार कार्यालयहरूको जनशक्ति व्यवस्थापन गर्ने,
- स्वदेशी तालिममा कर्मचारी मनोनयन गर्ने, वैदेशिक तालिममा मनोनयनको लागि सिफारिस गर्ने,
- भन्सार विभागसंग सम्बन्धित उजुरीहरुको फर्छ्यौट तथा गुनासोको सुनवाई गर्ने।

(ग) विभागमा रहने कर्मचारी संख्या र पद तथा श्रेणीः

| सि. नं. | पद | श्रेणी | समूह | पद संख्या |
|---|---|---|---|---|
| १ | महानिर्देशक १<br>उपमहानिर्देशक २ | राजपत्राङ्कित प्रथम श्रेणी | सामान्य प्रशासन | ३ |
| २ | निर्देशक | राजपत्राङ्कित द्बितीय | राजस्व | ८ |
| ३ | ,, | राजपत्राङ्कित द्वितीय | सा.प्रशासन | १ |
| ४ | ,, | राजपत्राङ्कित द्वितीय | लेखा | १ |
| ५ | ,, | राजपत्राङ्कित द्वितीय | केमिष्ट | १ |
| ६ | ,, | राजपत्राङ्कित द्वितीय | तथ्याङ्क | १ |
| ७ | ,, | राजपत्राङ्कित द्वितीय | विविध | २ |
| ८ | शाखा अधिकृत | राजपत्राङ्कित तृतीय | राजस्व | २२ |
| ९ | ,, | राजपत्राङ्कित तृतीय | सा.प्रशासन | २ |
| १० | लेखा अधिकृत | राजपत्राङ्कित तृतीय | लेखा | १ |
| ११ | कम्प्यूटर अधिकृत | राजपत्राङ्कित तृतीय | विविध | २ |
| १२ | तथ्याङ्क अधिकृत | राजपत्राङ्कित तृतीय | तथ्याङ्क | २ |
| १३ | केमिष्ट अधिकृत | राजपत्राङ्कित तृतीय | केमिष्ट | २ |
| १४ | क. ईन्जिनियर | राजपत्राङ्कित तृतीय | ईन्जिनियरिङ्ग | ७ |
| १५ | शाखा अधिकृत | राजपत्राङ्कित तृतीय | सरकारी वकिल | १ |
| १६ | ईन्जिनियर | राजपत्राङ्कित तृतीय | मेकानिकल | १ |
| १७ | नायव सुब्बा | राजपत्र अनङ्कित प्रथम | राजस्व | २६ |

| | | | | |
|---|---|---|---|---|
| १८ | ,, | राजपत्र अनङ्कित प्रथम | सा. प्रशासन | २ |
| १९ | लेखापाल | राजपत्र अनङ्कित प्रथम | लेखा | १ |
| २० | सहायक केमिष्ट | राजपत्र अनङ्कित प्रथम | केमिस्ट | २ |
| २१ | हालुका सवारी चालक | श्रेणी विहिन | ई. मेकानिकल | १० |
| २२ | कार्यालय सहयोगी | श्रेणी विहिन | सा. प्रशासन | १२ |
| २३ | स्वीपर | श्रेणी विहिन | सा. प्रशासन | २ |
| | कुल जम्मा | | | ११२ |

**(घ) देहायका विषयहरु नागरिक वडापत्रमा स्पष्ट गरी सार्वजनिक गरिएकोः**

| १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|
| निकायबाट प्रदान गरिने सेवाहरु | सेवा प्रदान गर्ने निकायको जिम्मेवार अधिकारी | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | निर्णय गर्ने प्रकृया र अधिकारी | निर्णय उपर उजुरी सुन्ने अधिकारी |
| | | | | |
| | | | | |

**(ङ) सम्बद्ध ऐन, नियम, कार्यविधि र निर्देशिकाहरूको सूची:**

**ऐनहरुको सूची :**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरू
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- करार ऐन, २०५६

- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- मदिरा ऐन, २०३१
- अन्त:शुल्क ऐन, २०५८
- आयकर ऐन, २०५८
- राजस्व न्यायाधीकरण ऐन, २०३१
- उपभोक्ता संरक्षण ऐन, २०७५
- वातावरण संरक्षण ऐन, २०५३
- पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५
- निजामति सेवा ऐन, २०४९

**नियमहरूको सूची :**

- भन्सार नियमावली, २०६४
- विदेशी विनिमय नियमहरू, २०२०
- सार्वजनिक खरिद नियमावली, २०६४
- निकासी पैठारी नियमहरू, २०३४
- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- मदिरा नियमावली, २०३३
- अन्त:शुल्क नियमावली, २०५९
- आयकर नियमावली, २०५९
- निजामति सेवा नियमावली, २०५०

**निर्देशिका, कार्यविधि वा आदेशहरूको सूची:**

- जाँचपास पछिको परीक्षण कार्यविधि, २०७८
- न्यून विजकीकरणको सामान खरिद गर्ने निर्देशिका, २०७३

- कर्मचारी सरूवा निर्देशिका, २०७१
- भन्सार मूल्याङ्कन निर्देशिका, २०७८
- भन्सार कार्यविधि, २०६७
- निकासी पैठारी संकेत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९
- प्रज्ञापनपत्र पुनरावलोकन निर्देशिका, २०७३
- निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धी निर्देशिका, २०७७
- छनौट प्रणाली कार्य सञ्चालन निर्देशिका, २०७७
- प्रज्ञापनपत्र संशोधन सम्बन्धी मार्ग निर्देशन, २०६९
- प्रयोगशाला परीक्षण तथा वस्तु वर्गीकरणका निमित्त मालवस्तुको नमूना संकलन तथा प्रेषण सम्बन्धी कार्यविधि, २०७३
- प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८
- भन्सार प्रयोगशाला कार्यविधि, २०७१
- यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना, २०८०/०२/१५
- मालवस्तुको वर्गीकरण तथा उत्पत्ति सम्बन्धमा पूर्वादेश जारी गर्ने सम्बन्धी सूचना, नेपाल राजपत्र मिति २०७६/१०/२०
- UN Convention against tariff in Narcotic Drugs and Psychotropic substances, 1998
- Single Convention on Narcotic Drugs, 1961
- Convention on International Trade in Endangered species of wild Fauna and Flora (CITES)
- WCO GATT Valuation Guidelines
- WCO SAFE Framework Guidelines
- WCO PCA Guidelines Volume I
- WCO PCA Guidelines Volume II
- WCO HS Classification and Nomenclature.

**(च) सम्पादन गरेको कामको विवरणः**

| आ.व. २०८०/८१ आश्विन महिनासम्मको शाखागत प्रगति विवरण | | | | |
|---|---|---|---|---|
| **क** | **परिमाण खुलाउन सकिने कामको विवरणः** | | | |
| **सि.नं.** | **सम्पादित प्रमुख कामहरु** | **यो महिनाको प्रगति** | **आश्विन महिना सम्मको प्रगति** | **कैफियत** |
| १ | भन्सार एजेन्ट इजाजतपत्र नविकरण | 4 | २५ | |
| २ | नयाँ भन्सार एजेन्ट इजाजतपत्र वितरण | ० | ० | |
| ३ | वण्डेड वेयर हाउसको इजाजतपत्र नविकरण | 5 | 22 | |
| ४ | वण्डेड वेयर हाउसको नयाँ इजाजतपत्र वितरण | ४ | 5 | |
| ५ | उजुरी सम्बन्धी कारवाही (फर्छ्यौट) | 0 | ० | |
| ६ | सवारी साधनहरुको महसूल असुल गर्न भन्सार कार्यालयहरुलाई पत्र पठाइएको | १२ | 23 | |
| ७ | वस्तु वर्गीकरण | १ | 10 | |
| ८ | कुटनैतिक सुविधा | 114 | 357 | |
| ९ | महसुल सुविधा प्रदान गरिएको संख्या | ४0 | 142 | |
| १० | आयोजना अन्य छुट संख्या | 60 | 193 | |
| ११ | अर्थ मन्त्रालयवाट आर्थिक विद्येयकको दफा १८ बमोजिम भएका छुट विवरण | १5 | **29** | |
| १२ | बेरुजु फर्छ्यौट (रु.०००) | ० | 0 | |
| १३ | जोखिम व्यवस्थापन समितिको बैठक | 2 | 10 | |

| | | | | |
|---|---|---|---|---|
| १४ | भन्सार जाँचपास पछिको परिक्षण संख्या | 12 | ३7 | |
| १५ | भन्सार जाँचपास पछिको परिक्षणबाट उठेको राजस्व रकम (रु.०००) | 772 | 5431 | |
| १६ | वस्तुहरुको प्रयोगशाला परीक्षण संख्या | 54 | 199 | |
| १७ | WAN अनुगमनवाट प्राप्त रकम (रु.करोड) | 20 | 46 | |
| १८ | सेवाग्राही सेवा कक्षबाट सेवा प्रवाहको विवरणः | | | |
| | टेलिफोनबाट सेवा प्रवाह | 3451 | 3834 | |
| | ईमेलबाट सेवा प्रवाह | 5664 | 5898 | |
| | प्रत्यक्ष उपस्थिति | 528 | 626 | |
| १९ | नयाँ जारी भएको Exim Code संख्या | 293 | 1019 | |
| 20 | भन्सार जाँचपास प्रक्रियाको छड्के परीक्षण | 2 | 12 | |
| 21 | नविकरण भएको Exim Code संख्या | 797 | 8832 | |
| **ख** | **परिमाण खुलाउन नसकिने कामको विवरणः-** | | | |
| १ | नियमित रुपमा Valuation Page को अनुगमन गरी कैफियत देखिएका मालवस्तुहरुमा भन्सार कार्यालयहरुलाई ध्यानाकर्षण गर्ने गरिएको । | | | |
| २ | छनौट प्रणालीमा लेन अद्यावधिक गरि Risk Indicator तयार गरि प्रमाणित गरिएको । | | | |
| ३ | बजार मूल्य सर्वेक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईएको । | | | |
| ४ | अन्य निकायवाट प्राप्त राजस्व छलीको सूचनाको विश्लेषण गरी सुधारात्मक उपायहरु तत्काल कार्यान्वयनमा ल्याउने कार्य समेत निरन्तर भईरहेको । | | | |
| ५ | जोखिम पहिचान गर्ने जनशक्ति विकास गर्ने कार्यका लागि र छनौट प्रणालीलाई थप भन्सार कार्यालयमा विस्तार गर्ने कार्यटोली गठन । | | | |

| | |
|---|---|
| ६ | विभिन्न आयोजनाहरुको स्वीकृत मास्टर लिष्ट अनुसार अर्थ मन्त्रालयवाट विभिन्न मितिमा दिईएको छुटको विवरण र अभिलेख अद्यावधिक गरिएको । |
| ७ | CEN Data Based मा Seizure Report Upload गरिएको । |
| 8 | पुनः मूल्य निर्धारणको लागि रसुवा वीरगन्ज त्रि वि स्थल र सुक्खा बन्दरगाहा भन्सार कार्यालयहरुलाई पत्र लेखि पठाइएको । |
| 9 | भन्सार ब्यवस्थापनलाई प्रभावकारी बनाउन मिति २०७९।१२।०१ देखि २०८०।०३।३२ सम्मको बैकल्पिक कार्ययोजना तर्जुमा गरि सबै भन्सार कार्यालयहरुमा कार्यान्वयनमा ल्याईएको। |
| 10 | प्रत्येक महिना Pending घोषणा (SAD) को परीक्षण गरी फर फारक गराउने कार्य भईरहेको । |
| ११ | आ.रा.वि., राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्दीकरण विभागसँग चौमासिक रुपमा महानिर्देशक स्तरीय वैठक बसी राजस्व चुहावट नियन्त्रण विषयमा छलफल गरी आवश्यक देखिएका क्षेत्रमा तत्काल सुधार गर्ने कार्यलाई निरन्तरता दिईरहेको । |
| १2 | प्रथम भन्सार व्यवस्थापन गोष्ठी २०80 श्रावण महिनाको २8 र २9 गते बिभिन्न बिषयमा छलफल र सिफारिस गरी सम्पन्न भएको । |
| १3 | भन्सार जाँचपास परीक्षण कार्यालयलाई जाँचपास पछिको परीक्षणका लागि FIRM, CONSIGNMENT AND PRODUCTS हरुको सूचि छनौट गरी पठाईएको । |
| १4 | परिपत्र संग्रह २०७९ प्रकाशन गरिएको । |
| १5 | मोबाईल डिभाईस मेनेजमेण्ट प्रणाली सम्बन्धी कार्य गरिएको। |

**(छ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरणः**

| **आर्थिक वर्ष** | **खर्च शीर्षक** | **वार्षिक वजेट (रु.०००)** | **२०८० आश्विन सम्मको विनियोजन (रु.०००)** | **२०८० आश्विन सम्मको खर्च (रु.०००)** | **%** |
|---|---|---|---|---|---|
| २०80/ ०८1 | साधारण खर्च | 1416200 | 406404 | 309104 | 76 |
| | पुँजिगत खर्च | 823400 | 443579 | 17937 | 4 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | 2239600 | 849983 | 327041 | 38 |

**(ज) आ. व. २०80/०८1 को राजस्व आम्दानी सम्वन्धी विवरणः**

| सि. नं. | राजस्व शीर्षक | २०८० आश्विन महिनाको लक्ष्य प्रगति (रु. करोडमा) | | | २०८० आश्विन मसान्तसम्मको लक्ष्य प्रगति (रु. करोडमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | भन्सार महसुल | 27109 | 17564 | 65 | 74399 | 47555 | 64 |
| २ | मूल्य अभिवृद्धिकर | 21486 | 17214 | 80 | 57066 | 47027 | 82 |
| ३ | अन्तः शुल्क | 6138 | 4571 | 74 | 11016 | 10737 | 97 |
| ४ | सडक मर्मत तथा सुधार दस्तुर | 693 | 393 | 56 | 1667 | 1144 | 68 |
| ५ | सडक निर्माण तथा संभार दस्तुर | 548 | 881 | 160 | 928 | 1921 | 207 |
| | जम्मा | 55976 | 40624 | 72 | 145078 | 108386 | 75 |

**(झ) कार्यालयगत राजस्व असुलीको विवरणः**

आ व २०80/०८1 को आश्विन मसान्तसम्मको राजस्व (भन्सार महसुल, मुअकर, अन्तःशुल्क तथा अन्य कर ) असुलीको विवरणः

| सि. नं. | भन्सार कार्यालयको नाम | २०८० आश्विन सम्मको लक्ष्य (रु. हजारमा) | २०८० आश्विन सम्मको असुली (रु. हजारमा) | प्रगति प्रतिशत % |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | पशुपतिनगर | 9544 | 4191 | 93.90 |
| २ | मेची | 4110171 | 3599258 | 87.57 |
| ३ | भद्रपुर | 29198 | 92629 | 317.24 |
| ४ | विराटनगर | 12801915 | 8299613 | 64.83 |
| ५ | सुनसरी | 292812 | 133885 | 45.72 |
| ६ | राजविराज | 16031 | 17703 | 110.43 |
| ७ | ठाँडी | 22353 | 10432 | 46.67 |
| ८ | सिराहा | 28507 | 14148 | 49.63 |
| ९ | जनकपुर | 125415 | 68934 | 54.96 |
| १० | जलेश्वर | 862698 | 816155 | 94.60 |
| ११ | सर्लाही | 164395 | 122737 | 74.66 |
| १२ | गौर | 82223 | 60809 | 73.96 |
| १३ | वीरगञ्ज | 56846392 | 38855091 | 68.35 |
| १४ | सुक्खा वन्दरगाह | 15609825 | 13134978 | 84.15 |
| १५ | महेशपुर | 40582 | 30030 | 74.00 |
| १६ | त्रिवेणी | 700 | 4212 | 601 |
| १७ | भैरहवा | 30875150 | 22394335 | 72.53 |
| १८ | सुठौली | 444994 | 106026 | 23.83 |
| १९ | कृष्णनगर | 1475077 | 1111367 | 75.34 |
| २० | कोइलावास | 2467 | 2195 | 88.97 |
| २१ | नेपालगञ्ज | 6479928 | 4349767 | 67.13 |

| | | | | |
|---|---|---|---|---|
| २२ | राजापुर | 3401 | 4225 | 124 |
| २३ | सती | 28577 | 24551 | 85.91 |
| २४ | कैलाली | 2585719 | 1501288 | 58.06 |
| २५ | कञ्चनपुर | 145963 | 154823 | 106 |
| २६ | महाँकाली | 1239 | 1406 | 113 |
| २७ | दार्चुला | 1234 | 1525 | 123 |
| २८ | त्रिभुवन विमानस्थल | 7771130 | 5594861 | 72 |
| २९ | तातोपानी | 1156002 | 2485876 | 215 |
| ३० | रसुवा | 2888206 | 5295893 | 183 |
| ३१ | जाँचपास परीक्षण | 50268 | 8191 | 16 |
| ३२ | चोभार सुक्खा बन्दरगाह | 88447 | 85359 | 96.51 |
| ३३ | गौतमबुद्ध विमानस्थल | 35024 | 139 | 0 |
| ३४ | अन्य | ० | ० | |
| | कुल जम्मा | 145078290 | 108386732 | 74.71 |

**(ञ) सूचना अधिकारीको नाम र पदः** पुण्यविक्रम खड्का, निर्देशक

(सम्पर्क मोबाइल नं.: ९८५११६१५६६)

मितिः २०८० कार्तिक 22